भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
भिमाद,तनहुँ
Bhimad, Tanahun
२०७३/2073
गण्डकी प्रदेश,नेपाल
Gandaki Province, Nepal

प.सं./Ref No.:०७९/०८०
च.नं. /Des No.:

प्रथम पटक प्रकाशित मिति- २०८०।०१।१९

## अमानत विधिवाट नदिजन्य पदार्थको संकलन, ओसारपसार, तथा विक्री वितरण सम्बन्धी सूचना ।

मिति २०७९।१२।२१ गतेको नगर कार्यपालिकाको वैठकले चालु. आ.व. २०७९।०८० मा नदिजन्य पद्धार्थको उत्खनन् संकलन तथा विक्रीवितरणको सम्बन्धमा खुला बोलपत्रको माध्यमबाट आय ठेक्का बन्दोवस्त नभएको भिमाद नगरपालिका वडा नं ५ स्थित सेति नदि दायाँ किनारा तर्फको तल्लो झकास घाटमा नगरपालिकाको व्यवस्थापनमा अमानत विधिवाट नदिजन्य पदार्थको विक्रीविवरण गर्ने भनि निर्णय भएको हुँदा तपशिल बमोजिमका कागजात सहित ईच्छुक टयाक्टर तथा ट्रिपर व्यवसायीहरुले मिति २०८०।०१।२० गतेवाट निवेदन दिई नदिजन्य पदार्थ संकलन तथा विक्री वितरणमा सहभागी हुनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल:

१.सवारी साधनको विल बुक (नविकरण भएको),
२.सवारी चालक अनुमति पत्र,
३.तोकिएको ढाँचामा निवेदन।

आवश्यक सर्तहरु:

१. नदिजन्य पदार्थको विक्रि वितरणको दर प्रति टयाक्टर रु. ८५०।- ट्रिपरको हकमा रु.१९८४।-राजश्व दाखिला गर्नुपर्नेछ ।( अर्थात् कर सहित प्रति घनमिटर रु.२८३।- राजश्व दाखिला गर्नुपर्ने )
२. तोकिएको घाटबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकिएको परीमाण र क्षेत्रबाट मात्र संकलन गर्नु पर्नेछ ।
३.नदिजन्य पदार्थ उत्खनन् तथा संकलन घरेलु औजारहरु कुटो, कोदालो र सावेलवाट मात्र गर्नुपर्नेछ
४.नदिजन्य पद्धार्थको ओसारपसार तथा ढुवानी तोकिएको मार्गवाट मात्र गर्नु पर्नेछ ।
५.नदिजन्य पदार्थको संकलन तथा ढुवानी स्थलमा नगरपालिकाले खटाएका कर्मचारीहरु रहनेछन् र उनीहरुको व्यवस्थापन तथा निर्देशनमा उत्खनन् संकलन कार्य गर्नुपर्नेछ ।
६.नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य प्रत्येक दिन बिहान ७.०० बजे देखि बेलुकी ५.०० बजे सम्म गर्नुपर्नेछ ।
७. अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२०८०।०१।१९
अजय सुवेदी
अधिकृतस्तर सातौं

२०८०।०१।१९
टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436
ठेगाना/Address: X3HJ+3P Bhimad
ईमेल/ Email:info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com
वेवसाईट/ Website:bhimadmun.gov.np